### अछाम जिल्लाको मंगलसेनमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक उन्नत बाखापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३९ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ ९ गते देखि ११ गतेसम्म अछाम जिल्लाको मंगलसेनमा **"व्यवसायिक उन्नत बाखापालन तालिम"**सम्पन्न गरेको संस्थाका मंगलसेन शाखा कार्यालयका शाखा प्रमुख श्री उमनाथ तिमल्सेनाले जानकारी गराएका थिए । तालिमको उद्घघाटन अछाम,मंगलसेन नगरपालीकाका मेयर पदम बहादुर बोहोरा र क्षेत्रीय प्रबन्धक श्री शंकर प्रसाद न्यौपानेले ब्यानर बाचन तथा खोलेर गर्नु भएको थियो यस तालिममा प्रशिक्षकहरु श्री पूर्ण प्रसाद ढुङ्गाना, श्री कृष्ण बहादुर साउंद , क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपाने र शाखा प्रमुख श्री उमनाथ तिमल्सेना रहेका थिए ।

एक परिवारमा एकजना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवादिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका मंगलसेन शाखा कार्यालयका प्रमुख श्री उमनाथ तिमल्सेनाले प्रकाश पारेका थिए ।

बाखा पालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाखामा भिन्नता, बाखापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाखाहरुको जातिय परिचय, बाखापालन विधि, उमेर अनुसार पाठापाठी, बाखाबोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोतसाधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाखालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाखा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाखा, पाठा र पाठी र ब्याएको माउको

हेरचाह,खोर,दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसीपार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाखाको पहिचान, रोग लाग्नाका कारण तथा बाखामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाखामाहुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाखापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास,बजार व्यवस्थापन, बाखापालनको स्किम,बचतको महत्वतथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिलगर्ने मंगलसेन शाखाका शाखाप्रमुख श्री उमनाथ तिमल्सेनाले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतना मुलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ ।यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दैआई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाखरहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ ।
तालिमको अन्त्यमा सहभागी श्री निर्मला आवजी र श्री पारु भन्डारीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा उन्नत बाखापालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । बाखापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले जानकारी गराएकाथिए । तालिममा प्रमुख अतिथी मंगलसेन न.पा. मेयर श्री पदम बहादुर बोहराले यसरी यस संस्थाले बिपन्न बर्गका ग्रामिण महिला सदस्य लाई ब्यबसायिक बाखा तालिम प्रदान गरी अति सरानीय कार्य गरेको हुंदा सहभागीहरुले यस तालिमबाट सिकेका कुराहरुलाई ब्यवहारमा उतारी आम्दानी बढाउने कुरामा आफु विश्वस्थ रहेको बताउन भएको थियो । तालिमको संचालन मंगलसेन शाखाका लेखापाल श्री रबि किरण गौतमले गरेका थिए ।